# बटेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बटेश्वर, धनुषा

मधेश प्रदेश, नेपाल

प.सं. २०७९।०८०
च.नं. ९६५

मिति : २०७९।०६।३१

विषयः निर्वाचन आचार संहिता पालन गर्ने सम्बन्धमा ।

श्री कर्मचारीहरु (सवै)
श्री स्वास्थ्यकर्मीहरु (सवै)
श्री शिक्षकहरु (सवै)
वटेश्वर गाउँपालिका, धनुषा ।

प्रस्तुत विषयमा आगामी मंसिर ०४ गते हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ लाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, पारदर्शी, विवादरहित र भयमुक्त वातावरणमा सम्पन्न गर्नका लागि मिति २०७९।०६।१२ गतेबाट निर्वाचन आचारसंहिता लागु भएको छ । निर्वाचन आचारसंहिता पालना गराउन निर्वाचन आयोग, नेपालबाट मिति २०७९।०६।२७ गते कार्यालय प्रमुखहरुलाई विशेष निर्देशन जारी भएको छ । यस सन्दर्भमा निर्वाचन आयोग नेपालबाट जारी गरिएको निर्वाचन आचारसंहिताको प्रतिकूल हुने गरी कुनै पनि राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार प्रसारमा संलग्न हुन वा संदेश, सूचना, प्रचारप्रसार सामाग्री सामाजिक सञ्चालमा पोष्ट कमेन्ट वा सेयर गर्न वा सामाजिक सञ्चाल मार्फत मत माग्न समेत नहुने हुँदा उक्त कार्य नगर्न हुन सम्बन्धित सवै शिक्षक तथा कर्मचारीहरुलाई अनुरोध गरिन्छ । साथै निर्वाचन आयोगको मिति २०७९।६।२५ गतेको प्रेस विज्ञप्ती मार्फत सो सम्बन्धमा जानकारी भैसकेकोले आचारसंहिता उल्लंघन गरे हुन सक्ने कारवाहीको भागीदार स्वयं व्यक्ति (शिक्षक तथा कर्मचारी) हुनुपर्ने व्यहोरा पुनः स्मरण गराउँदै आचारसंहिता अनुरुपको आचरणको पूर्ण पालना गर्न हुन अनुरोध छ ।

सन्तोष कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री सूचना प्रविधि शाखा : वेवसाईट, फेसवुक पेजमा अपलोड गर्नु हुन ।

सन्तोष कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क: गापा अध्यक्ष ९८५४०२३०५१, गापा उपाध्यक्ष 9854029943 प्रमुख प्रशासकीय अधिकृत ९८५४०५०९०१
email:bateshwormun@gmail.com, web: www.bateshwormun.gov.np

CamScanner